# डोल्पो बुद्ध गाउँपालिका
# Dolpo Buddha Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
धो, डोल्पा

कर्णाली प्रदेश, नेपाल


प.सं. २०८२।८३ . च.नं मिति

## शिक्षक आवश्यकता सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/११/२९)

उपर्युक्त विषयमा विद्यालय व्यवस्थापन समितिको विज्ञापन गर्न अनुरोध गर्ने निर्णय एवं गाउँ शिक्षा समितिको निर्णयानुसार क्रिष्टल माउन्टेन माध्यमिक विद्यालय डोल्पोबुद्ध -३, डोल्पाको लागि माध्यमिक तहमा देहायका विषय शिक्षक करार सेवामा पदपूर्ति गर्न कार्यक्रम कार्यान्वयन कार्यविधि (स्थानीय र प्रदेश तहबाट कार्यान्वयन हुने सशर्त अनुदान अन्तर्गतका कार्यक्रम एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित) आर्थिक वर्ष२०८२/८३ अनुसार माध्यमिक तह कक्षा(९-१०) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान कार्यक्रम अन्तर्गत देहायको संख्या र योग्यता भएका शिक्षक करार सेवामा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट) कार्यालय समयमा राजस्व तिरेको रसिदसहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:-**

**क. विज्ञापित पदको विवरण:-**

| क्र.स. | विज्ञापन नं. | पद | श्रेणी/तह | विषय | माग सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | १-२०८२/८३ | शिक्षक -(सङ्घीय शिक्षण सहयोग अनुदान) | मा.वि. तृतीय | अङ्ग्रेजी | १ |
| २ | २-२०८२/८३ | शिक्षक- (सङ्घीय शिक्षण सहयोग अनुदान) | मा.वि. तृतीय | गणित | १ |
| ३ | ३-२०८२/८३ | शिक्षक- (सङ्घीय शिक्षण सहयोग अनुदान) | मा.वि. तृतीय | विज्ञान | १ |

**ख. शैक्षिक योग्यता र अनुभव:**

१. नेपाली नागरिक,
२. न्युनतम शैक्षिक योग्यता (नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट ) सम्बन्धित विषय शिक्षकको लागि क्रमशः मुल विषय अंग्रेजी, गणित र विज्ञान विषय लिई शिक्षा सङ्कायमा स्नातक वा सो सरह उत्तीर्ण गरेको,
३. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने,
४. स्थायी अध्यापन अनुमति पत्र (License) प्राप्त गरेको,
५. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको,
६. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुदार नठहरिएको।

**(ग) सेवा, सुविधा:** - नियमानुसार,
**(घ) परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता,
**(ङ) दरखास्त पाइने स्थान:** डोल्पो बुद्ध गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, (शिक्षा, युवा तथा खेलकुद शाखा) डोल्पा,
**(च) दरखास्त दिने अन्तिम मिति:** २०८२।१२।१३ गते.
**(छ) दरखास्त दस्तुर:** रु ११०० ।,
**(ज) आवेदनका साथ थप संलग्न कागजातहरू:** आवेदकले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिहरु:-
१. नेपाली नागरिकता, २. न्यूनतम शैक्षिक योग्यता (नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट) को प्रमाणपत्रको प्रतिलिपि,
३. स्थायी अध्यापन अनुमति पत्र (License) को प्रतिलिपि ४. २ (दुई) प्रति पासपोर्ट साइजको फोटो,
**(ज) परीक्षा सञ्चालन मिति र स्थान:** सूचना मार्फत जानकारी गराइनेछ।

...............
**मन बहादुर थापा**
**प्रमुख प्रशासकीय अधिकृत**


Website: www.dolpobuddhamun.gov.np Phone: 087-550046 Email: ito.dolpobuddhamundolpa@gmail.com



CamScanner